# रातो अक्षता

## क्षेत्रप्रताप अधिकारी

यसपालि पनि मान्छेको
रगतमा मुछेर लगाउने हो कि क्या हो
दशैंको रातो अक्षता ?

कस्तो नन्सेन्स प्रश्न !
देशमा जुठो परेको बेला
टीको लाउने(लगाउनेहरू
काजकिरिया बसेको बेला
रातो अक्षता सजाउने
भाग्यमानी निधार खोइ ?

देशमा कृष्णभीरहरू भत्केको बेला
जमरा जमाउने माटो नै कहाँ छ र !
रात दिन मान्छे काटिएको बेला
जमरा स्युरने शिर नै कहाँ छ र !

बाबुआमा मारिएर
टुहुराहरू कोरा पसेको बेला
भक्कानो फुटेर घरभरि
आँसु ओइरिएको बेला
दशैं बस्ने बास खोइ ?

यसपालि पनि दशैंसित
भेडा च्याङ्ग्रा आउँछन् कि क्याहो
बलि चढाउन ?

कस्तो स्टुपिड प्रश्न !
हामी आफैलाई पर्सेर
नरबलि चढाइरहेको बेला
हामी आफैंलाई पस्केर
प्रसाद ग्रहण गरिरहेको बेला
भेडा च्याङ्ग्राको कुरो कोट्याएर
मान्छेहरू
हाम्रो मानहानी गरिरहेछन्
खुच्चिङ !